नेपाल सरकार

पोषण तथा खाद्य सुरक्षा नेपाल

## प्रतिवद्धता पत्र

मानव विकासमा कुपोषण अवरोधको रुपमा नरहोस भन्ने बहुक्षेत्रीय पोषण योजना दोस्रोको मुलमर्म र अवधारणा अनुरुप मातृ, शिशु तथा किशोर किशोरीको पोषण स्थितिमा सुधार ल्याउन २०७६ माघ २३ र २४ गते डुडुवा गाऊपालिका, बांकेका प्रमुख लगायत जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुखहरु तथा स्वास्थ्य संस्थाका प्रमुखहरुको सहभागितामा गाऊपालिका र सुआहारा II कार्यक्रमद्धारा संयुक्तरुपमा आयोजना गरिएको **एकीकृत स्वास्थ्य तथा पोषण कार्यक्रमको दीगोपना सुनिश्चितता गोष्ठीमा डुडुवा गाउँपालिकामा स्वच्छ, सफा, स्वस्थ र पोषणयूक्त** बनाउने अभियानलाई सफल बनाउन निम्नानुसारका कार्य गर्न हामी सहभागिहरु प्रतिवद्धता जाहेर गर्दछौं ।

**प्रतिवद्धताहरु :**

### स्वास्थ्य क्षेत्र

- पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्ने नीति लिने ।
- पूर्व प्रसुती जाँच ९ औं महिनाको लागि तथा उत्तर प्रसुति जाँच सेवा उपलब्ध गराउन आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।
- वच्चाको बृद्दि अनुगमनसँगै व्यक्तिगत प्रभावकारी परामर्श दिने र वाल स्वास्थ कार्ड निरन्तर रुपमा अद्यावधिक गर्ने ।
- पोषणलाई समावेश गर्दै स्वास्थ्य कर्मचारीले वार्षिक कार्य योजना बनाउने र नियमित समिक्षा बैठक गर्ने,
- दुईवर्ष मूनिका वच्च्चाहरुको २४ पटक बृद्दि अनुगमन गर्न महिनामा एक निश्चित दिन तोकी सवै बृद्दि अनुगमनलाई संस्थागत गर्ने ।
- २४ पटक वृद्दि अनुगमन पुरा गर्ने आमा तथा वच्चालाई पुरस्कृत गर्ने र समय समयमा स्वस्थ्य बच्चा प्रतियोगीता संचालन गर्ने ।
- म.स्वा.स्व. से सँग मिलेर स्वास्थकर्मीले उचित तथ्याङ्क ईन्ट्री र समीक्षा गर्ने ।
- स्वास्थ्य तथा पोषण सम्बन्धि मासिक तथ्याङ्कको Verification गर्ने ।
- दक्ष प्रसुतिकर्मिको तालिम, व्यवस्थापन, परिचालन र प्रोत्साहन गर्ने ।
- मागको आधारमा स्वास्थ्य शिबिर सन्चालन गर्ने ।
- HFOMC को क्षमता अभिबृद्धी गर्ने ।

- **कृषि तथा पशुसेवा**
  - गाऊ पालिकालाई माछा, मासु,दुध र अण्डाभा आत्मनिर्भर गर्ने ।
  - स्थलगत प्रयोगात्मक पोषण खानाको प्रदर्शनी गर्ने ।
  - साना सिचाई आयोजना, थोपा सिचाई प्रविधि प्रवर्द्धन गर्ने ।

- हाट बजार  तथा कृषि उपज संङ्लन केन्द्र स्थापना गर्न पहल गर्ने ।
- प्रविधि प्रदर्शनी स्थलहरु राख्ने र सामाग्रीमा अनुदान प्रदान गर्ने ।
- प्रत्येक वडामा स्वयम सेवक प्राविधिक व्यवस्था गर्ने ।
- रैथाने बालीहरुको प्रवर्धन तथा संरक्षण गर्ने ।
- एक वडा एक दक्ष कृषी प्राबिधिक व्यवस्थागर्ने ।
- बीउ बिजन संकलन केन्द्रको स्थापना गर्ने ।
- कृषि पर्यटकिय गाऊपालिका बनाउने ।
- **"एक घर एक करेसाबारी , बाह्रै महिना हरियो तरकारी"** अभियान संचालन गर्ने ।

- **शिक्षा**
  - पालिकाका सबै विद्यालयहरुमा पोषण कक्षालाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।
  - विद्यालयको हाताभित्र आयातित पत्रु खानालाई विस्थापित गरि स्थानीय पोषणयुक्त खानालाई दिवा खाजामा समावेश गरि व्यवस्थापन गर्ने ।
  - पोषण सम्वन्धि शिक्षक तथा अभिभावकवीच अर्न्तकृया कार्यक्रम संचालन गर्ने ।
  - एक विद्यालय एक करेशाबारी र फूलबारी स्थापना गर्ने नीति लिने ।
  - घरघरका SEE भएको हुने ।
  - मदरशा मार्फत साक्षारता अभियान चलाउने ।
  - बाल विकास लाई प्रभावकारी रुपमा सन्चलान गर्ने ।
  - निरक्षरता उन्मुलन गर्ने ।
  - बाल विकास मार्फत औपचारिक कक्षा सन्चालन गर्ने ।
  - बाल बालिका को सर्वाङ्गिण बिकासको लागि खेलकुदको आयोजना गर्ने ।

- **खानेपानी तथा सरसफाई**
  - पालिकास्तरीय खानेपानी,सरसफाई तथा स्वच्छता रणनीतिक कार्ययोजना बनाउने ।
  - पालिकास्तरीय खानेपानी तथा सरसफाई कायोजना तयार पार्ने ।
  - पालिकास्तरीय खानेपानी,सरसफाइ तथा स्वाच्छता समन्वय समिति गठन गर्ने ।
  - पालिकालाई पूर्ण सरसफाइयुक्त पालिका बनाउने नीति लिने ।
  - **"स्वस्थ्य जीवनका लागि स्वच्छ र सुरक्षित पानी"** अभियानलाई मूर्त रुप "दिन एक घर एक **फिल्टर"** अभियानलाई निरन्तरता दिने ।
  - वडा स्तरमा स्थानीय सरसफाइ सहजकर्ताको व्यवस्थापन गाउँपालिकाले गर्ने ।

- **महिला तथा बालबलिका**
  - महिला तथा बालबालिकाहरुको स्वास्थ्य तथा पोषणमा सुधारका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी अभियान, तालिम र जनचेतना कार्यक्रम
    - बाल विवाह मूक्त पालिका घोषणा गर्ने ।
    - महिला स्वास्थ्य र पोषण समस्या सम्बन्धी पुरुषको सहभागिता बढाउनुका साथै महशुसिकरण कार्यक्रम संचालन गर्ने ।
    - लैङ्गिगक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी अभियान, तालिम र जनचेतना कार्यक्रम ।
    - बाल सुधार गृह प्रबर्द्धन गर्ने ।
    - जेष्ठ नागरिक सम्मान गर्ने ।

- बाल बिबाह रोक्न तथा किशोरी लाई उचिल शिक्षा दिन कन्या मुद्धती खाता सन्चालन गर्ने
- लैगिक हिंसा निगरानी समुहलाई सक्रिय बनाउने ।

- **शुसासन**
  - पालिका तथा वडा तहमा गठन भएका पोषण तथा खाद्य सुरक्षा समितिहरुको वैठक निर्यमित रुपमा वसाल्ने र नियमित रुपमा पोषण कार्यक्रमको समीक्षा गर्ने ।
  - स्वास्थ्य र पोषण सम्वन्धी व्यवहार परिवर्तन सामाग्रीको उत्पादन, प्रयोग र व्यवस्थापनका लागि रकम विनियोजन गर्ने ।
  - म.स्वा.स्व. से को क्षमता अभिबृद्दि गर्दै स्वास्थकर्मीको नेतृत्वमा महिला स्वास्थ्य स्वयम्सेविकाको मासिक वैठक राख्ने र रिर्पोटिङ तथा आमा समुह सुद्धढिकरणका लागि निरन्तर क्षमता अभिवृद्धिका साथै स्थानीय जनप्रतिनिधि मार्फत अनुगमन गर्ने ।
  - स्वास्थ्य सस्था संचालन तथा व्यवस्थापन समितिको वैठक नियमितरुपमा संचालन गर्ने, स्वास्थ्य तथा पोषण तथा स्वास्थ्य सम्वन्धि अवस्थाको विश्लेषण गर्ने, तथ्याङ्का आधारमा योजना वनाई त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन पद्वतिको विकास गर्ने संस्थागत सुदृढिकरण गरि दीगोपनका सुनिश्चितता गर्ने ।
  - नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारि गरिएको स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चत्ता तथा सुधार पद्धति कार्यन्वयन मार्गदर्शन दोस्रो संस्करण २०७४ अनुरुप पालिकास्तरमा गुणस्तर सुनिश्चत्ता कार्य समिति गठन गरी संस्थागत गर्ने ।
  - स्वास्थ्य तथा पोषण कार्यक्रमलाई सात चरणको योजना तर्जूमा वैठक मार्फत कार्ययोजना समावेश गर्ने ।
- **आवधिक र दिगोपना योजनामा एकिकृत पोषणका सुचकहरु (स्वास्थ्य, कृषि, पशुसेवा, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका र शुसासन सम्वन्धि कियाकलाप समावेश गर्ने ।**
- **पालिकामा रहेका एकिकृत पोषण कार्यक्रम संचालन गर्ने (स्वास्थ्य, कृषि, पशुसेवा, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा बालबलिका र शुसासन) कर्मचारीहरुलाई नियमितरुपमा तालिम तथा क्षमता अभिवृद्धि गर्ने र अवलोकन भ्रमण मार्फत असल अभ्यासको अनुसरण गर्ने ।**
- **एकिकृत पोषणम कार्यक्रम संचालन गर्न आवश्यक पर्ने स्थानीय स्वयमसेवक तथा सहजकर्ता वा कर्मचारी पालिकाले नियुक्ति गर्ने साथै अनुगमन, परिचालन, क्षमता अभिबृद्धि गर्ने ।**
- **माथि उल्लेखित प्रतिबद्धता अनुसार यस वर्षका क्रियाकलापहरु तय गरी बार्षिक तथा त्रैमासिक योजना बनाई कार्यान्वयन गर्ने तथा अर्को वर्षेदेखि उक्त प्रतिबद्धता अनुसार योजना बनाई तथा बनाउन सहजिकरण गरी योजना निर्माण प्रक्रियाको माध्ययमबाट पालिकाको वार्षिक कार्यक्रममा समाहित गरी कार्यन्वयन गर्ने ।**
- **संयुक्त रुपमा कार्यक्रमको अनुगमन गरी पालिका तथा वार्डस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमा एकिकृत पोषण कार्यक्रमहरुको प्रगति समीक्षा गर्ने तथा सुझाव र सल्लाह अनुसार कार्यक्रम परिमार्जित गरी कार्यन्वयन गर्ने ।**
- **हरेक बडा कार्यालयमा नागरिक बडा पत्र स्थापना गर्ने ।**
- **गुनासो सुन्ने तथा सार्बजनिक सुनुवाई लाई प्रभावकारी बनाउने ।**
- **सहकारीता, निजि क्षेत्र तथ गैसस सग समन्वय गरेर कार्यक्रम सन्चालन गर्ने ।**
- **ई गभरनान्स को प्रयोग गर्ने ।**

- खुल्ला सरोकार तथा नागरिक साझेदारी मा कार्यक्रम सन्चालन गर्ने ।
- अबलोकन भ्रमण तथा तालिम मार्फत क्षमता अभिबृद्धि गर्ने ।

| क्र.सं. | नम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री नरेन्द्र कुमार चौधरी | गाऊपालिका प्रमुख | डुडुवा गाऊपालिका, बाके | |
| २. | श्री शाहिदा बानो | गाऊपालिका उप प्रमुख | डुडुवा गाऊपालिका, बाके | |
| ३ | परशुराम उपाध्याय | प्रमुख प्रशासकिय अधिकृत | डुडुवा गाऊपालिका, बाके | |
| ४ | श्री पाटेश्वर कुर्मी | वडा अध्यक्ष | डुडुवा गाऊपालिका, वार्ड नं. १ | |
| ५. | श्री गजेन्द्र प्रशाद कैरार्ती | वडा अध्यक्ष | डुडुवा गाऊपालिका वार्ड नं. २ | |
| ६. | श्री भण्डारी लाल यादब | वडा अध्यक्ष | डुडुवा गाऊपालिका वार्ड नं. ३ | |
| ७. | श्री शगिर खा | वडा अध्यक्ष | डुडुवा गाऊपालिका वार्ड नं. ४ | |
| ८. | श्री परशुराम बुढाथोकी | वडा अध्यक्ष | डुडुवा गाऊपालिका वार्ड नं. ५ | |
| ९. | श्री मोहन राम मिश्रा | वडा अध्यक्ष | डुडुवा गाऊपालिका वार्ड नं. ६ | |
| १० | श्री लीलावती यादव | गाउँ कार्यपालिका सदस्य | डुडुवा गाऊ कार्यपालिका | |
| ११ | श्री रीता परियार | गाउँ कार्यपालिका सदस्य | डुडुवा गाऊ कार्यपालिका | |
| १२ | श्री कमला शाही | गाउँ कार्यपालिका सदस्य | डुडुवा गाऊ कार्यपालिका | |
| १३ | श्री शुष्मा यादब | गाउँ कार्यपालिका सदस्य | डुडुवा गाऊ कार्यपालिका | |
| १४ | श्री ढोडे पासी | गाउँ कार्यपालिका सदस्य | डुडुवा गाऊ कार्यपालिका | |
| १५ | श्री नन्कुन्नी बडही | गाउँ कार्यपालिका सदस्य | डुडुवा गाऊ कार्यपालिका | |
| १६ | श्री धन बहादुर बुढा | स्वास्थ सयोजक | गाऊपालिका स्वास्थ शाखा | |
| १७ | श्री बिरेन्द्र घले | सि अ हे ब अधिकृत | गाऊपालिका स्वास्थ शाखा | |
| १८ | श्री सीताराम चौधरी | सि अ हे ब अधिकृत | गाऊपालिका स्वास्थ शाखा | |
| १९ | श्री शुशिल शर्मा | कृषि शाखा प्रमुख | कृषि शाखा | |
| २० | श्री सन्जय कर्ण | शिक्षा अधिकृत | शिक्षा शाखा | |
| २१ | श्री सुनिता थापा | महिला बिकास सयोजक | महिला तथा बालबालिका शाखा | |
| २२ | श्री पवन बुढा | खानेपानी सरसफाई टेक्नीसीयन | खानेपानी सरसफाई शाखा | |

| .सं. | नम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| २३ | श्री कमल प्रसाद उपाध्याय | सि अहेव अधिकृत | स्वास्थय चौकी होलीया | |
| २४ | श्री हेमन्त किशोर शर्मा | ~~सि अहेव अधिकृत~~ | स्वास्थय चौकी बेतहनी | |
| २५ | श्री खडक बहादुर रोका | ज.स्वा.नी | स्वास्य चौकी कम्दि | |
| २६ | श्री रिजवान ~~अन्सारी~~ | ~~अहेव~~ | स्वास्थय चौकी बनकट्टी | |
| २७ | श्री थिरमान रोका | ज.स्वा.नी | स्वास्थय चौकी कम्दी | |
| २८ | श्री भिम बहादुर बि.क | सि अहेव | स्वास्थय चौकी हिरमिनिया | |

सुआहारा ॥ कार्यक्रम तथा स्थानिय साझेदार संस्थाको तर्फबाट

| क.सं. | नम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री बिकास रोकाया | कार्यक्रम संयोजक | सुआहारा ॥ सब अफिस बाके | |
| २ | श्री सुरेश चौधरी | फिल्ड संयोजक | बि ग्रुप सुआहारा ॥ | |

एकिकृत स्वास्थ्य तथा पोषण कार्यक्रमको दीगोपना सुनिश्चितता गोष्ठी

*२०७६ माघ २३ र २४ गते डुडुवा गाऊ पालिका, बाके*

गजेन्द्र प्रसाद कैराती
वडा अध्यक्ष

प्रशुराम बुढाथोकी
वडा अध्यक्ष

मोहन राम मिश्र
वडा अध्यक्ष